**गैरआवासीय नेपाली संघ, नियमावली निर्माण समितिको निर्देशिका सूची**
**(Terms of References)**
**२०१९-२०२१**

## क) परिचय

गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद र यस संघको मातहतका राष्ट्रिय समन्वय परिषदको कार्य सम्पादन लाई सहयोग पुर्याउने उद्देश्यले यस संघको विधान अन्तर्गत बनेका नियामावलीको पुनरावलोकन गर्न तथा बाँकि नियमावलीको निर्माण गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एक नियमावली निर्माण समिति गठन गरेकोछ। यस समितिले यो निर्देशिका सूची (Terms of Reference) अनुसार कार्यसम्पादन गर्नेछ।

## ख)समिति

यस समितिमा अनुसुचीमा देहाए बमोजिमका ब्यक्तीहरु रहने छन।

## ग) उद्देश्यहरु

१) गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदको बिधान अन्तर्गत नयाँ नियमावलीहरु तथा कार्यविधी तयार गर्ने।

- अन्तर्राष्ट्रिय समन्वय परिषदको लगानीमा निर्माण, संचालन तथा व्यवस्थापन गरिने महत्तोपुर्ण योजनाहरुको चयन, निर्माण तथा संचालन सम्वन्धी कार्यविधी।
- राष्ट्रिय समन्वय परिषदको अध्यक्षहरुको राजीनामा तथा स्वीकृतीको व्यवस्थापन सम्वन्धी कार्यविधी।
- गैरआवासीय नेपाली संघको सदस्यता वितरण र यस संघको अन्तरास्ट्रिय महाधिबेसन प्रतिनिधि चयन प्रक्रियालाई सहज र सुलब बनाउने सम्वन्धी नियमावली।
- राष्ट्रिय समन्वय परिषदले पालना गर्नु पर्ने न्युनतम र अधिकतम मापदण्डहरुको विवरण सहितको कार्यविधी । यसको आधारमा अन्तर्राष्ट्रिय समन्वय परिषद र राष्ट्रिय समन्वय परिषदले गर्ने कार्यमा एकरुपता ल्याउन सहयोग पुग्नेछ।
- अन्तर्राष्ट्रिय समन्वय परिषदको सूचना निति (यसपूर्व संचार कार्यदलमा छलफल भई तयार पारिएको प्रारम्भिक मस्यौदामा छलफल गरि नियमावलीलाईप्राप्त सुझावहरु  पुर्णरुप दिने)।

- गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदको पोखरामा हुन गइ रहेको फेस टु फेस मीटिंगको उपलब्धि र  विभिन्न देशहरु बाट प्राप्त शुझाबहरुलाई समेटी यस निर्देशिका सूचीलाई आगामी 2 हप्तामा पुर्णरुप दिइनेछ

## २) नियमावलीहरुको संशोधन

- नवौ अन्तर्राष्ट्रिय महाधिवेशनबाट प्राप्त सुझावहरु माथि छलफल गरि विधान समितिले विधानमा संशोधन प्रस्ताब गरेको खण्डमा उक्त  संशोधित भएका दफाहरुले नियमावलीमा प्रभाव पार्ने भएकोले त्यसको अध्यन गरि आवश्यक संशोधन प्रस्ताव तयार गर्ने।

पुनरावलोकन गर्नु पर्ने नियमावलीहरु:

- अनुशासन समितिको कार्यव्यवस्था सम्बन्धी विनियमावली २०७५
- अन्तर्राष्ट्रिय समन्वय परिषदको विधान संशोधन तथा नियमावलीहरु निर्माण सम्बन्धी नियमावली, २०७५
- समिति, उपसमिति तथा कार्यदलकको कार्यव्यवस्था सम्बन्धि नियमावली,२०७५
- अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य मनोनयन सम्वन्धि नियमावली, २०७५
- निर्वाचन सम्बन्धी नियमावली, २०१९
- अन्तर्राष्ट्रिय महाधिवेशन संचालन सम्बन्धि कार्यविधी, २०७५
- अन्तर्राष्ट्रिय समन्वय परिषदका विभिन्न निकायहरुको वैठक संचालन सम्बन्धि नियमावली, २०७५
- अन्तर्राष्ट्रिय समन्वय परिषद्‌ले राष्ट्रिय समन्वय परिषद्‌लाई मान्यता दिने सम्बन्धी प्रक्रिया, २०७५
- गैरआवासीय नेपाली विश्व सम्मेलन संचालन सम्बन्धि नियमावली, २०७५
- गैरआवासीय नेपाली संघ क्षेत्रीय भेला तथा बैठक संचालन सम्बन्धि नियमावली, २०७५
- महिला फोरमको कार्य व्वस्था सम्बन्धी नियमावली, २०७५
- युवा फोरमको कार्यव्यवस्था सम्बन्धि नियमावली, २०७५
- राष्ट्रिय महाधिवेशन संचालन सम्वन्धि नियमावली , २०७५